# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ चावि.नपा वैशाख ११ गते २०७५ साल (संख्या १)

नगर कार्यपालिकाको मिति २०७४ चैत्र १४ गते स्वीकृत भएको देहाय बामोजिमको कार्यविधि स्थानीय सरकार साचालन ऐन ,२०७४ बामोजिम सर्वसाधारणहरुको जानकारीकोलागि प्रकाशन गरिएको छ ।

## भाग-२

## स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम यस चामुण्डाविन्द्रासैनी नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम चामुण्डाविन्द्रासैनी नगरकार्यपालिकाको मिति २०७४।१२।१३ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### भाग-१
### प्रारम्भिक

१) कार्यविधिको नामः यस कार्यविधिको नाम स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ रहेको छ ।

२) कार्यविधि लागू हुने:यो कार्यविधि चामुण्डाविन्द्रासैनी नगरकार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

### भाग-२
### स्थानीय राजपत्रको भाग र ढांचा

३) स्थानीय राजपत्रको भागहरुः स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची (१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४) स्थानीय राजपत्रको ढाचा:स्थानीय राजपत्रको ढाचा अनुसूची (२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५ ।खण्डको व्यवस्थाः स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।





६) स्थानीय राजपत्रको संख्याः (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ । (२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाा संख्याबाट शुरु गरिनेछ ।

७) स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामग्रीःस्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसाग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग(१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८) स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीःस्थानीय राजपत्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाईअधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

आज्ञाले
बाबुराम नेपाली
निमित्त प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०७४/१२/३०